# क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका, २०७२

## प्रस्तावना

नेपालभित्र क्यासिनो व्यावसाय संचालन गर्दै आएका क्यासिनो व्यावसायीले आफ्ना खेलाडीले एक व्यावसायिक दिनमा मनोरञ्जनको लागि परम्परागत रूपमा वा आधुनिक मेशिन वा उपकरणको माध्यमबाट क्यासिनो स्थलमा बाजी (वेट) राखी रकम जीत वा हार हुने गरी खेलिने खेल पश्चात् जितौरी प्राप्त गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने आकस्मिक लाभकरलाई व्यवस्थित र पारदर्शी बनाई राजस्व असूली कार्यमा एकरूपता कायम गर्न आवश्यक भएकोले आयकर ऐन (सं.स.), २०५८ को दफा १३९ बमोजिम यो निर्देशिका तर्जुमा गरी जारी गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम, प्रारम्भ र स्थान

१. यो कार्यविधिको नाम "क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका, २०७२" रहेको छ ।

२. क्यासिनोको आकस्मिक लाभकर सम्बन्धमा आयकर निर्देशिका (सं.स.), २०६६ को पूरकको रूपमा यो निर्देशिका जारी गरिएको छ ।

३. यो निर्देशिका २०७२ साल असोज १ गतेदेखि प्रारम्भ हुनेछ ।

## परिच्छेद २

## परिभाषा

४. बिषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. "आकस्मिक लाभ" भन्नाले ऐनको दफा २ को खण्ड (ज१) बमोजिमको लाभ र यस निर्देशिकाको प्रयोजनको लागि खेलाडीले एक व्यावसायिक दिनमा आकस्मिक रूपमा प्राप्त गर्ने लाभ (जितौरी) रकमलाई सम्झनु पर्छ ।

ख. "आकस्मिक लाभकर" भन्नाले ऐनको दफा २ को खण्ड (ज१) मा उल्लेख भएको लाभमा ऐनको दफा ८८क बमोजिम भुक्तानीमा कट्टी गरिएको कर सम्झनु पर्छ ।

ग. "ऐन" भन्नाले आयकर ऐन, २०५८ सम्झनुपर्छ ।

घ. “कार्यालय” भन्नाले आन्तरिक राजस्व विभाग अन्तर्गतका ठूला करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय सम्झनु पर्छ ।

ङ. “क्यासिनो” भन्नाले क्यासिनो सञ्चालन गर्न इजाजत प्राप्त गरेको व्यक्ति तथा व्यावसाय सम्झनु पर्छ ।

च. “खेलाडी” भन्नाले क्यासिनो स्थलमा रकम जीत वा हार हुने गरी बाजी (वेट) राख्ने वा खेलाइने खेलमा सहभागी हुने प्राकृतिक व्यक्ति सम्झनु पर्छ ।

छ. “नियमावली” भन्नाले आयकर नियमावली, २०५९ सम्झनुपर्छ ।

ज. “व्यावसायिक दिन” भन्नाले खेलाडीले क्यासिनो स्थलमा प्रवेश गरेको समयले खेल शुरू गरी खेल परित्याग नगरेसम्मको अवधि सम्झनु पर्छ ।

झ. “विभाग” भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ ।

ञ. “सिक्का” भन्नाले खेलाडीले क्यासिनो स्थलमा बाजी (वेट) राखी रकम जीत वा हार हुने गरी खेलाइने खेलमा सहभागी हुनको लागि प्रयोग गर्न क्यासिनोको काउण्टरबाट नगद वा विद्युतीय कारोबार मार्फत रकम भुक्तानी गरी प्राप्त गर्ने सिक्का (Coin or Chip) सम्झनु पर्छ ।

## परिच्छेद ३

## क्यासिनो संचालन सम्बन्धमा

५. क्यासिनोमा खेलाडी प्रवेश गर्दा क्यासिनोले अलग्गै काउण्टरबाट नगद वा विद्युतीय कारोबार मार्फत भुक्तानी लिई खेल्नका लागि सिक्का उपलब्ध गराउनु पर्नेछ ।

६. खेलाडीलाई उपलब्ध गराइएको सिक्काको अभिलेख कम्प्यूटर प्रणालीमार्फत राख्नु पर्नेछ ।

७. सिक्का उपलब्ध गराइएको खेलाडीको परिचय खुल्ने कागजात राख्नु पर्नेछ ।

८. खेल पश्चात् खेलाडीले सिक्का फिर्ता गर्दा भएको जीतको विवरण अद्यावधिक राख्नुपर्नेछ ।

## परिच्छेद ४

## आकस्मिक लाभकर गणना, कट्टी र दाखिला सम्बन्धमा

९. नेपालभित्र इजाजतपत्र लिई संचालनमा रहेका क्यासिनो संचालकले ऐनको दफा ८८क बमोजिम आकस्मिक लाभ प्राप्त गर्ने व्यक्तिलाई लाभ रकम भुक्तानी गर्दा भुक्तानी हुने रकमको पच्चीस प्रतिशतका दरले अग्रिम रूपमा आकस्मिक लाभकर कट्टी गर्नु पर्नेछ ।

१०. आकस्मिक लाभ रकम गणना गर्दा एक व्यक्तिले एक व्यावसायिक दिनमा क्यासिनोको खेल स्थलबाट बाहिर निस्कंदा प्राप्त गरेको रकमबाट क्यासिनोको खेल स्थलमा प्रवेशको समयमा सिक्का खरिद गर्दा तिरेको रकम (लगानी) घटाई गणना गर्नु पर्नेछ ।

खेलाडीको आकस्मिक लाभ रकम गणना गर्दा निजले सिक्का खरिद गर्न गरेको खर्च बाहेक अन्य खर्च कट्टा गर्न पाइने छैन ।

११. यस परिच्छेदको बूंदा नं. ९ बमोजिम अग्रिम कर असूल गर्नुपर्ने व्यक्तिले अग्रिम कर असूल नगरेको भए पनि असूल हुनु पर्ने समयमा सो कर असूल गरेको मानिने छ ।

१२. आकस्मिक लाभमा कट्टी गरिएको अग्रिम कर अन्तिम कर कट्टी हुनेछ ।

१३. आकस्मिक लाभकर कट्टी गर्ने व्यक्तिले प्रत्येक महिना कट्टी गरेको आकस्मिक लाभकर रकम अर्को महिनाको पच्चिस गतेभित्र विद्युतीय माध्यम (इ-टि.डि.एस.) मार्फत राजस्व शीर्षक ११९३५ मा सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

## परिच्छेद ५

## शुल्क र व्याज सम्बन्धमा

१४. आकस्मिक लाभकर बापत अग्रिम कर कट्टी गरेको रकम तोकिएको समयमा सम्बन्धित कार्यालयमा दाखिला नगरेमा ऐनको दफा ११९ बमोजिम वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्नेछ ।

१५ आकस्मिक रूपमा लाभ प्राप्त गर्ने व्यक्तिलाई आकस्मिक लाभ बापतको रकम भुक्तानी गर्दा भुक्तानी रकममा कर कट्टी नगरेमा वा कम दरले कर कट्टी गरेमा ऐनको दफा १२०(क) बमोजिम कर रकमको पचास प्रतिशत शुल्क लाग्ने छ ।

१६. आकस्मिक लाभकर कट्टी गर्ने व्यक्तिले प्रत्येक महिना कट्टी गरेको आकस्मिक लाभकर विवरण अर्को महिनाको पच्चिस गतेभित्र विद्युतीय माध्यम (इ-टि.डि.एस.) मार्फत दाखिला नगरेमा ऐनको दफा ११७ उपदफा ३ बमोजिम असुल गर्नुपर्ने रकमको वार्षिक डेढ प्रतिशतका दरले शुल्क लाग्ने छ ।

## परिच्छेद ६

## विविध

१७. क्यासिनोले खेलाडीको नाम तथा निजले प्रत्येक पटक सटही गरेको मुद्राको कारोवार, प्रत्येक पटक खरिद गरेको सिक्काको विवरण, परिमाण तथा रकम, सो खेलाडीले क्यासिनो स्थल छोडी जांदा फिर्ता गरेको सिक्काको विवरण, परिमाण तथा रकम र सो वापत फिर्ता लगेको मुद्राको यथार्थ विवरण राख्नु पर्नेछ ।

१८. क्यासिनोले प्रत्येक महिनाको पच्चिस गतेभित्र आकस्मिक लाभकर रकम दाखिला गर्दा बूंदा नं. १७ अनुसारको विवरण समेत संलग्न गर्नु पर्नेछ ।

१९. क्यासिनोले खेलाडीलाई आकस्मिक लाभ कर कट्टीको प्रमाण-पत्र ऐनमा तोकिएको ढांचामा उपलब्ध गराउनु पर्नेछ ।